# बौद्धनाथ क्षेत्र विकास समितिको

## *कार्य प्रगति विवरणको*

***संक्षिप्त विवरण***

नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय

श्री बौद्धनाथ क्षेत्र विकास समिति

बौद्ध, काठमाण्डौ

फो नं. ४-४८९२५७

Email :- bnadc@email.com

Website :- bnadc.org.np

यस बौद्धनाथ क्षेत्र विकास समितिले मूलतः आन्तरिक आयश्रोतमा निर्भर रही परम्परा र धार्मिक रुपले विभिन्न कार्यक्रमहरु, विकास निर्माणका कार्यहरु र अन्य सामाजिक एवम् स्थानीय स्तरका महत्वपूर्ण मौलिक कार्यक्रमहरु संचालन गर्दै आईरहेको सर्वविदितै छ। यस समितिको मुख्य आयश्रोत भनेको विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध महास्तूप अवलोकन गर्न आउने पर्यटकहरुबाट लिईने प्रवेश शुल्क नै हो। यद्यपि आयश्रोतले भ्याए सम्म विभिन्न कार्यक्रम, विकास निर्माणका कार्यहरु र अन्य कार्यक्रम तर्जुमा गरी त्यसै अनुरुप कार्य सुचारु गर्दै आईरहेको छ। साथै समितिले कूतनीतिक सम्बन्ध विस्तार गरी बौद्ध स्तूपको संरक्षण र सम्बर्द्धनको लागि सहयोग र सहकार्यलाई निरन्तरता दिँदै आईरहेको छ। समितिले आ.व. ०७१/७२ मा प्रारम्भ एंव सम्पन्न गरेका कार्यहरुलाई यहाँ संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ।

# आ.व. २०७१/७२ मा गरिएको निर्माण कार्यहरुको विवरण

१ बौद्ध स्तूप परिसरको बगैंचा व्यवस्थापनको कार्य ।

२ बौद्ध स्तूप क्षेत्रको बत्ती व्यवस्थापन कार्य ।

३ बौद्ध स्तूप परिसरमा रहेको पुरानो ढुङ्गा निकाली नयाँ ढुङ्गा बिछ्याउने कार्य सम्पन्न ।

४ श्री बौद्धनाथ क्षेत्र विकास समितिले विछ्याएको ढुङ्गा मर्मत कार्य ।

५ बौद्ध स्तूप, बौद्ध दर्शन तथा धर्म सम्बन्धी पुस्तक प्रकाशन गरिएको ।

६ बौद्धनाथ क्षेत्र विकास समितिद्वारा तीनचुलीमा बुद्धको मूर्ति निर्माण कार्य सम्पन्न ।

७ च्याल्दूम गल्लीमा ढुङ्गा विछ्याउने कार्य सम्पन्न भएको ।

८ बौद्ध पीपलबोटमा ढुङ्गा बिछ्याउने तथा फलामे रेलिङ्ग बार राख्ने कार्य सम्पन्न गरेको।

९ भुवाल डाँडामा पानी बोरिङ्ग गरी सर्वसाधारणलाई वितरण गर्ने कार्य सम्पन्न गरेको ।

१० लाखेपोखरीमा व्याडमिन्टन कोर्ट निर्माण कार्य सम्पन्न गरेको ।

११ बौद्ध स्तूपमा स्टिलको पोष्ट राख्ने कार्य सम्पन्न गरेको।

१२ बौद्ध महास्तूप सम्बन्धी डकुमेन्ट्री निर्माण कार्य थालनी गरेको ।

१३ बौद्ध घाराटोलदेखि सेचेन कोलोनी मार्गसम्म र बौद्ध टुसालदेखि बौद्ध घाराटोलसम्म सोलार बत्ती जडान कार्य सम्पन्न गरिएको ।

१४ बौद्ध स्तूपको संरक्षण एवं सुरक्षार्थको लागि थप ६ थान सी.सी. क्यामरा जडान गरिएको ।

१५ सेचेन का्लोनी मार्गमा ढुङ्गा बिछ्याउने कार्य सम्पन्न भएको ।

१६ मिति २०७२ बैशाख १२ गते गएको महाभूकम्पले विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध महास्तूपमा क्षति पुगेको र सो को जीर्णोद्धार कार्य थालनी भईरहेको ।

१७ यस समितिबाट बौद्ध दर्शन तथा शा्न्ति विषयक २ वर्षे स्नातकोत्तर कार्यक्रम अन्तर्गत प्रथम र दोश्रो वर्ष गरी ८ जना विद्यार्थीहरुलाई छात्रबृति प्रदान गरेको ।

१८ विभिन्न विद्यालय अन्तर्गत १० जना गरीव तथा जेहेन्दार विद्यार्थीहरुलाई सत प्रतिशत छात्रबृति प्रदान गरेको ।

१९ २०७२ बैशाख १२ र २९ गते गएको महाभूकम्प पीडितहरुलाई राहत वितरण गरेको ।

## २०.उपभोक्ता समितिहरुसंग सहकार्य गरी सम्पन्न गरिएका कार्यहरु

१ शान्तिनगर महांकाल स्थित सामुदायिक भवन निर्माण कार्य ।

२ कुमारी शिशु स्कूल पछाडि ढुङ्गा बिछ्याउने कार्य सम्पन्न

३ जनकल्याण स्कुल भवन निर्माण कार्यमा सहयोग ।

४ चारघरे तीनचुलीमा ढुङ्गा बिछ्याउने कार्य सम्पन्न ।

५ सरस्वती नगर सुधार संघको भवन निर्माण तथा मेटल ट्रस निर्माण कार्य सम्पन्न ।

६ सितोरिया कराँते डोजो भवन निर्माण कार्य हुँदै गरेको

७ सुबिगाउँ सिमलटार स्थित ढुङ्गा बिछ्याउने कार्य सम्पन्न गरिएको ।

८ लाखे पोखरीमा बास्केटबलकोर्ट निर्माण कार्य सम्पन्न ।

९ बौद्ध जागरण केन्द्रमा ट्रस निर्माण कार्य सम्पन्न ।

## आ.व. २०७१/७२ मा गरिएका धार्मिक एवं सांस्कृतिक पर्वहरु सम्पन्न गरिएको विवरण :-

१. मिति २०७१ श्रावण २७ गते स्थानीय पर्व गाईजात्रा तथा रोपाइँजात्रा मूल समारोह समितिको आयोजनामा सम्पन्न ।

२. मिति २०७१ आश्विन ८ गते परम पावन ४१ औं शाक्य ठिजिन् रिन्पोछेज्यूको पावन सान्निध्यतामा विश्व शान्ति पूजा तथा अभिषेक कार्यक्रम सम्पन्न ।

३. मिति : २०७१ माघ ३ र ४ गतेसम्म तेश्रो राष्ट्रिय ल्होसार कप खुल्ला कराँते प्रतियोगिता सफलतापूर्वक सम्पन्न ।

४. मिति २०७०/१०/७ गते “ल्हुक /क्यू ल्होसार (भेडा वर्ष) हर्षोल्लासका साथ सम्पन्न ।

५. मिति २०७१ मंसीर १० गतेदेखि १५ गतेसम्म गुरु रिन्पोछेको (छेच्यु) दशमी पूजा सम्पन्न र लामाहरुलाई पोशाक, झोला र दक्षिणा वितरण ।

६. मिति : .२०७०/१०/२० -इष्टदेवी ममपुक्कासिद्धिको स्थानीय पर्व मामला जात्रा विभिन्न संघसंस्थाको सहकार्यमा धुमधाम र हर्षोल्लासका साथ सम्पन्न ।

७. मिति २०७१/१२/०९ ऐतिहासिक तेमालजात्रा मूल व्यवस्थापन समिति गठन गरी धर्मावलम्बीहरुलाई जलपान वितरण, निःशुल्क स्वास्थ्य शिविर, प्रचार प्रसार, हेल्प डेक्स, स्वयम् सेवकलाई खाना तथा खाजाको व्यवस्था, बाँस तथा डोरीको व्यवस्था, निःशुल्क पिउने पानीको पूर्ण रुपमा व्यवस्था।

८. मिति २०७२/१२/१६ गते वडा नं. ६ का स्थानीय बृद्धबृद्धाहरुलाई गुरु पद्म सम्भवको ऐतिहासिक पवित्र तीर्थस्थल तेमाल भ्रमणमा लगिएको ।

९. मिति २०७२ बैशाख २१ गते भदन्त तथतगत भगवान गौतम बुद्धको २५५९ औं बुद्ध जयन्ती समारोह भव्यताका साथ सम्पन्न गरिएको ।

१०. मिति २०७२ जेष्ठ महिनामा तथागत भगवान् गौतम बुद्धको पवित्र महिना सागादावाको पावन अवसरमा निःशुल्क खानेपानीको वितरण गरेको ।

११. मिति : २०७२ बैशाख १२, १३ र २९ गतेको विनासकारी महाभूकम्पले विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध महास्तूपमा ठूलो क्षति पुग्न गएकोले जीर्णोद्धार कार्य शुरु गर्नु पूर्व बौद्ध परम्परागत परम्परा अनुसार अनुसार मिति २०७२ जेष्ठ ४ गते परम पूजनीय धर्मगुरु ङवाङ्ग लोप्साङ रिन्पोछेज्यूको बाहुलीबाट महास्तूपमा शान्ति (अर्च्यो) पूजा सम्पन्न भएको ।

## अन्य कार्यहरु :

क. बौद्धनाथ स्तूपा परिसरमा स्वीपरको व्यवस्था गरी दैनिक तीन पटक नियमित रुपमा सरसफाई कार्य भैईरहेको ।

ख. महास्तूप परिसरमा जम्मा हुने दैनिक फोहोरमैला लाई व्यवस्थित गर्न बौद्ध सरसफाई केन्द्र प्रा.लि., संग सम्झौता गरी फोहोर व्यवस्थापन गरिरहेको ।

ग. समितिको कार्यालय भवनमा रहेको पर्यटक शौचालय र घ्याङ गुठी भवनको तल्लो तल्लामा पर्यटकहरुको लागि निर्माण गरिएको शौचालयमा सरसफाईको उचित प्रवन्ध गरी पर्यटकलाई निशुल्क सेवा प्रदान गर्दै आएको ।

घ. पर्यटकहरुको सुबिधाको लागि माग्ने तथा सडकबालक आदि हटाउनाका साथै पर्यटकहरुको सुरक्षाको लागि चौवीसै घण्टा सुरक्षा गार्डहरु तैनाथ गरी सुरक्षा प्रवन्ध मिलाईएको छ ।

ङ. बौद्ध महास्तूपा क्षेत्र भित्र रहेका अव्यवस्थित फुटपाथे पसल, मगन्ते तथा घुमन्ते व्यापारीहरुलाई नियन्त्रण गर्न पहल गरिएको छ ।

च. विश्व सम्पदा सूचीमा सूचीकृत बौद्ध महास्तूप अवलोकन गर्न आउने प्रत्येक पर्यटकहरुलाई बौद्धनाथ क्षेत्रको ऐतिहासिक परिचय सहितको निःशुल्क ब्रोसियर वितरण गरिएको छ ।

६. स्थानीय क्लब, संघ संस्थालाई विभिन्न खेल तथा कार्यक्रम गर्न आर्थिक सहयोग प्रदान गर्दै आई रहेको छ ।

७. अन्य कार्यहरु ।

श्री बौद्धनाथ क्षेत्र विकास समिति
बौद्ध